**सिफारिश समितिबाट स्वीकृत मिति**
**२०७१।५।२६**

# बेपत्ता पारिएका व्यक्तिको छानविन अयोग वा सत्य निरुपण तथा मेलमिलाप आयोगको पदाधिकारीहरू सिफारिस गर्न गठित सिफारिस समितिको छनौट प्रकृया, २०७१

बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३ को उपदफा (५) को प्रयोजनको लागि सोही ऐनको दफा ३ को उपदफा (३) बमोजिम गठित सिफारिस समितिले बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग वा सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष तथा सदस्यको नाम सिफारीस गर्न देहायको प्रकृया निर्धारण गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस प्रकृयाको नाम "बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग वा सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष तथा सदस्य छनौट प्रकृया, २०७१" रहेको छ ।

(२) यो प्रकृया सिफारिस समितिले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस प्रकृयामा,-

(क) "ऐन" भन्नाले बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले ऐनको दफा ३ बमोजिम गठन हुने बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग सम्झनु पर्छ ।

(घ) "अध्यक्ष" भन्नाले सिफारिस समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३ को उपदफा (३) वमोजिम गठित

सिफारिस समितिलाई सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले शान्ति तथा पुनर्निर्माण मन्त्रालय सम्झनु पर्छ ।

(छ) "कार्यालय" भन्नाले समितिको कार्यालय तथा समितिले तोकेको अन्य कुनै कार्यालय समेत सम्झनु पर्छ ।

## परिच्छेद-२

## समितिको कार्यविधि

३. **समितिको बैठकः** (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको अध्यक्षता समितिका अध्यक्षले र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूमध्ये वरिष्ठ सदस्यले गर्नेछ ।

(५) समितिको वैठकमा वहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा वैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिको वैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ ।

(७) समितिले आवश्यक ठानेमा समितिको काम कारबाहीसँग सम्बन्धित विषयका विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

४. **समितिको वजेट र कर्मचारीः** समितिको लागि आवश्यक वजेट र कर्मचारी मन्त्रालयले उपलब्ध गराउनेछ ।

५. **समितिको कार्यालयः** समितिको कार्यालय मन्त्रालयमा रहनेछ ।

## परिच्छेद-३

## आयोगको अध्यक्ष तथा सदस्य सिफारिसकोलागि छनौट प्रकृया

६. **संभावित उम्मेदवारको सुचि तयार गर्ने:** समितिले आयोगको अध्यक्ष तथा सदस्य पदमा नियुक्तिकोलागि सिफारिश गर्न ऐनको दफा ४ वमोजिम योग्यता पुगेका तथा दफा ५ बमोजिम अयोग्य नभएका व्यक्तिहरु मध्येबाट सम्भावित उम्मेदवारको सुचि तयार गर्नु पर्नेछ ।

७. **सार्वजनिक सुचना प्रकाशन गर्ने:** दफा ६ वमोजिम सुचि तयार गर्ने क्रममा सो पदमा नियुक्तिकोलागि सिफारिश हुन ईच्छुक व्यक्तिहरूलाई अनुसुचि-१ वमोजिमको फारम भरी समितिको कार्यालयमा पेश गर्न कम्तिमा दस दिनको समय दिई राष्ट्रिय स्तरको पत्रिकामा कम्तिमा दुई पटक सुचना प्रकाशन गर्नु पर्नेछ । त्यस्तो सुचना रेडियो तथा टेलिभिजनबाट पनि प्रशारण गर्न सकिने छ ।

८. **फारम वुझाउनु पर्ने:** (१) दफा ७ वमोजिम सुचना प्रकाशन भएपछी आयोगको अध्यक्ष तथा सदस्य पदमा नियुक्तिकोलागि सिफारिश हुन इच्छुक व्यक्तिहरूले सोही सूचनामा उल्लिखित म्याद भित्र अनुसुचि-१ वमोजिमको फारम र सम्वद्ध कागजातहरू समितिको कार्यालयमा वुझाउनु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम फारम बुझाएने व्यक्तिहरु मध्ये ऐनको दफा ४ वमोजिम योग्यता पुगेको र दफा ५ वमोजिम अयोग्यता नभएको व्यक्तिहरुको नाम समितिले आयोगको अध्यक्ष तथा सदस्यको संभाव्य उम्मेदवारको रुपमा सुचिकृत गर्नेछ ।

९. **अन्य व्यक्ति वा संस्थाको सिफारिसमा वा समिति आफैले नाम सुचिकृत गर्न सक्ने:** दफा ८ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा समितिले ऐनको दफा ४ वमोजिम योग्यता पुगेको र दफा ५ वमोजिम अयोग्यता नभएको व्यक्तिहरुको नाम सम्भावित उम्मेदवारको रुपमा सुचिकृत गर्नेछः-

(क) कुनै व्यक्ति वा संस्थाले ऐनको दफा ४ वमोजिम योग्यता पुगेको र दफा ५ वमोजिम अयोग्यता नभएको व्यक्तिहरुको नाम आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तीकोलागि दफा ७ बमोजिम प्रकाशित सूचनामा तोकिएको म्यादभित्र समिति समक्ष सिफारिस गरेमा,

(ख) दफा ८ को उपदफा (१) बमोजिम फाराम नबुझाएको र खण्ड (क) बमोजिम सिफारिश नभएको भएतापनि ऐनको दफा ४ वमोजिम योग्यता भएका र दफा

५ वमोजिम अयोग्यता नभएको कुनै व्यक्तिको विशिष्ट योग्यता र अनुभवको आधारमा निजको नाम सूचीकृत गर्न आवश्यक छ भन्ने लागेमा त्यस्ता व्यक्तिसँग परामर्श गरी समितिले त्यस्ता व्यक्तिको नाम सूचीकृत गर्न सक्नेछ ।

१०. **सुचिकृत नामावली सार्वजनिक गर्ने:** दफा ८ र ९ वमोजिम समितिले आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिको लागि सिफारीस गर्न तयार गरेको सूचीकृत नामावली सार्वजनिक गर्नु गर्नेछ ।

११. **प्रतिक्रिया दिन सक्ने:** (१) दफा १० वमोजिम प्रकाशित सुचिमा नाम समावेश भएका व्यक्तिहरूको वारेमा कसैको कुनै प्रतिक्रिया भए त्यस्तो सुचना प्रकाशन भएको मितिले पाच दिन भित्र समितिको कार्यालयमा आ-आफ्नो प्रतिक्रिया पेश गर्न सक्ने छन ।

(२) आयोगको अध्यक्ष तथा सदस्य पदमा नियुक्तिकोलागि सिफारिश गर्दा समितिले उपदफा (१) वमोजिम पर्न आएको प्रतिक्रियालाई समितिले गंभिरता पूर्वक अध्ययन तथा मनन गरी गर्नु पर्नेछ ।

१२. **नाम सिफारीस गर्ने:** (१) दफा ८ र ९ बमोजिम सूचीकृत भएका व्यक्तिहरु मध्येबाट समितिले ऐनको दफा ३ को उपदफा (२) बमोजिम निर्धारित सख्याँमा आयोगको अध्यक्ष तथा सदस्य पदमा नियुक्तिकोलागि नेपाल सरकार समक्ष सिफारिस गर्नेछ ।

(२) उपदफा (१) वमोजिम सिफारिस गर्दा समितिले सिफारिश गरिने व्यक्तिको योग्यता र अनुभवबाट निजले आयोगलाई दिन सक्ने योगदान समेतलाई विचार गरी सिफारिश गर्नु पर्नेछ ।

१३. **परामर्श लिन सकिने:** समितिले आयोगको अध्यक्ष तथा सदस्य पदमा नियुक्तिकोलागि सिफारिस गर्नु अघि आवश्यकता अनुसार सम्बद्ध क्षेत्रका विज्ञहरू, पिडित समुदाय, अन्तर्राष्ट्रिय समुदाय, मानव अधिकारकर्मि र नागरिक समाजका प्रतिनिधिहरू संग आवश्यक परामर्श र अन्तरकृया गर्न सक्नेछ ।

अनुसूची-१

(दफा ८ संग सम्वन्धित)

अध्यक्ष । सदस्य पदमा नियुक्तिकोलागि सिफारिश गरी पाउन समिति समक्ष पेश गर्ने फारामको ढाँचा

श्री बेपत्ता पारिएका व्यक्तिको छानविन वा सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष तथा सदस्यको नियुक्तिकोलागि सिफारिस समिति ।

त्यस समितिबाट मिति ................. मा प्रकाशित सार्वजनिक सूचना बमोजिम बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग वा सत्य निरुपण तथा मेलमिलाप आयोगको ................पदमा नियुक्ति भई जिम्मेवारी सम्हाल्ने मलाई ईच्छा भएकोले उक्त आयोगको सो पदमा नियुक्तिकोलागि सिफारिश गरी पाउन देहाय बमोजिमको विवरण खुलाई यो फारम पेश गरेको छु ।

१. पूरा नामः

२. स्थायी ठेगानाः

३. हालको ठेगानाः

४. नियुक्तिकोलागि सिफारिश हुन चाहेको आयोगको नामः

(क) बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग

(ख) सत्य निरुपण तथा मेलमिलाप आयोग

५. नियुक्तिकोलागि सिफारिश हुन चाहेको पदः

(क) ☐ अध्यक्ष (ख) ☐ सदस्य (ग) ☐ दुबै

६. दुबै पद रोजेको भए प्राथमिकताक्रम (क) (ख)

७. हाल कुनै सरकारी वा सार्वजनिक सेवाको पदमा वहाल भई रहेको भए,-

(क) सरकारी वा सार्वजनिक सेवाको कार्यालयको नामः

(ख) वहाल रहेको पदको नामः

(ग) वहाल भएको मितिः

८. कुनै सरकारी वा सार्वजनिक सेवाको पदमा पहिले वहाल भई अवकाश प्राप्त गरेको भए,-

(क) सरकारी वा सार्वजनिक सेवाको कार्यालयको नामः

(ख) वहाल रहेको पदको नामः

(ग) अवकाश प्राप्त मितिः

९. देहायको विवरण यसै साथ संलग्न गरेको छु ।

(क) जन्ममिति, शैक्षिक योग्यता, अनुभव सहित वैयक्तिक विवरण (Bio data) दुई पृष्ठमा नबढाई संलग्न गरेको छु ।

(ख) आफू नियुक्त हुन चाहेको पदसँग सम्बन्धित कार्य अनुभव र सोसँग मिल्दो क्षेत्रमा आफूले पुऱ्याएको योगदानको सङ्क्षिप्त टिप्पणी (पाँचसय शब्दमा नबढाई) संलग्न गरेको छु ।

(ग) नियुक्त हुन चाहेको पदमा नियुक्त भएको अवस्थामा सम्बन्धित क्षेत्रमा आफूले पुऱ्याउन सक्ने योगदान र रणनीति (पाँचसय शब्दमा नबढाई) संलग्न गरेको छु ।